## Ⅱ-2 स्वास्थ्य बिमा (राष्ट्रिय स्वास्थ्य बिमा ( क्यर/हेरचाह होकेन)

### 1. जापानको स्वास्थ्य बिमा

जापानको स्वास्थ्य बिमा तल उल्लेख गरिए जस्तै दुई किसिमको हुन्छ। कानुनी रुपमा दुई मध्य कुनै एक बिमाको सदस्यता लिनु पर्ने हुन्छ। स्वास्थ्य बिमाको प्रयोगले स्वास्थ्य उप चारमा लाग्ने आर्थिक भारलाई कम गर्न मद्त पुराउदछ। जापानमा 3 महिना भन्दा बढी बस्ने र जापानमा बसोबास दर्ता गराउने कुनै पनि व्यक्तीले स्वास्थ्य बिमा प्राप्त गर्न सक्ने व्यवस्था हुन्छ।

कम्पनीमा काम गर्ने ⇒ सामाजिक बिमा (स्याकाइ होकेन) कम्पनीद्वारा व्यवस्था गरिएको होकेन ⇒ विवरणका लागि आफ्नो कम्पनीको अधिकारिक व्यक्तिलाई सोध्नुहोस

⇓ स्याकाइ होकेन नभएको व्यक्ति

स्याकाइ होकेन नभएको कम्पनिमा काम गर्ने व्यक्ति ⇒ राष्ट्रिय स्वास्थ्य बिमा (कोकुमिन होकेन) ⇒ आफु बस्ने नगरपालिका द्वारा सन्चालित - आफु बस्ने नगरपालिकाको सम्बन्धित कार्यालयमा गएर कोकुमिन होकेनको लागि आवश्यक प्रकृया अगाडि बढाउनुहोस।

७५ बर्ष भन्दा माथिको व्यक्तिहरु बृद्ध स्वास्थ्य बिमाको प्रयोग गर्ने व्यवस्था गरिएको हुन्छ। ३ नम्बर शिर्शकमा बिस्तृत मा हेर्नुहोस।

### 2. राष्ट्रिय स्वास्थ्य बिमा प्राप्त गर्ने सम्बन्धमा

3 महिना भन्दा धैरै लामो भिसा भएको व्यक्ती

जापानमा आफ्नो ठेगाना रजिस्टर गरेको व्यक्ती

3 महिना भन्दा कम भिसा भएको व्यक्ती (जापानमा बसाइ दर्ता नभएको )

⇓

कुनै निस्चित गतिबिधी, प्राविधिक तालिम, परिवार भेटघाट आदिका कारण 3 महिना भन्दा कम बस्ने व्यक्ती, बिशेष कारणबस 3 महिना भन्दा धैरै समय जापानमा बस्न मिल्ने भनेर सम्बन्धित नगरपालिकाले प्रमाणित गरेको व्यक्ती

⇓

राष्ट्रिय स्वास्थ्य बिमाको लक्ष्य

तल उल्लेखित बिदेशीहरुले स्वास्थ्य बिमा प्रकृयामा सहभागी हुन सक्ने छैनन ।

- बिशेष गतिबिधी को भिसा लिएर स्वास्थ्य उपचार सेवा उपभोग गर्ने उद्देश्य लिएका व्यक्तिहरु
- कुटनितिक तथा अन्य छोटो अवधिको भिसा लिएको व्यक्ति

(1) दर्ता प्रकृया:
जापान प्रवेश गर्दा, बसाइ-सराइ गर्दा, बच्चा जन्मिदा, स्याकाइ होकेनको प्रयोग बन्द गर्दा

आवश्यक कागजपत्र: रेसिडेन्स कार्ड (अलियन कार्ड)

(2) दर्ताकर्ताले प्राप्त गर्न सक्ने सुबिधाहरु :
बिस्तृत विवरणका लागि आफु बस्ने नगरपालिकाको सम्बन्धित कार्यालयमा संपर्क गर्नुहोस।
स्वास्थ्य उपचार शुल्कमा दर्ताकर्ताले बेहोर्नुपर्ने आर्थिक भार: दर्ताकर्ताले उपचार शुल्कको 30 प्रतिशत, अनिवार्य शिक्षा (कक्षा 9 सम्म) पढ्ने बच्चाको 20 प्रतिशत, 70 बर्ष भन्दा माथि र 74 बर्ष भन्दा तलको व्यक्तिहरुले 20 प्रतिशत (सोवा 19 बर्षको अप्रिल महिना 1 गतेसम्म जन्म मिती हुने व्यक्तिहरुले 10 प्रतिशत, तोकिएको आम्दानी भन्दा धेरै आयस्रोत हुने व्यक्तिले 30 प्रतिशत) बेहोर्नुपर्ने हुन्छ। खाना तथा सुत्ने बेडको अतिरिक्त शुल्क आफुले बेहोर्नुपर्ने हुन्छ।

महँगो चिकित्सा शुल्क: यदि एक व्यक्तिले एउटै स्वास्थ्य संस्थालाई एक महिनामा भुक्तानी गरेको रकम निश्चित रकम भन्दा धेरै भएमा, धेरै भएको रकम पछिका महिनाहरुमा भुक्तानी गर्न मिल्ने व्यवस्था हुन्छ।

बच्चा जन्मदा पाउने एकमुष्ठ रकम: बच्चा जन्मदा लागेको शुल्कको केही भाग रकम बच्चा जन्मिए पस्चात घरमुलीको खातामा एक मुष्ठ जम्मा गरिदिने व्यवस्था गरिएको हुन्छ।

अन्त्यष्टी खर्च: दर्ताकर्ताको मृत्यु हुँदा अन्त्यष्टी गर्ने व्यक्तिलाई खर्चको केही भाग उपलब्ध गराउने व्यवस्था गरिएको हुन्छ।

बिशिस्ट रोगहरु: बिशेष रोगका कारण स्वास्थ्य उपचार शुल्क लाग्ने अवस्थामा बिशेष आर्थिक सहयोग गर्ने व्यवस्था गरिएको हुन्छ।

(3) बिमा शुल्क
बिमा शुल्क: परिवारको सदस्य सन्ख्या, गत बर्षको आम्दानी आदिको हिसाब गरेर बिमा शुल्क निर्धारण हुन्छ। बिस्तृत जानकारीका लागि आफु बस्ने नगरपालिकाको सम्बन्धित कार्यालयमा संपर्क गर्नुहोस। (फुरोकु 9-1)।
होकेन शुल्क बर्षको केही पटकमा तिर्ने गरी व्यवस्था गरिएको हुन्छ। नगपालिकाबाट सम्बन्धित व्यक्तिको ठेगानामा बिमा शुल्क भुक्तानी गर्ने कागज पठाए पस्चात सो कगज लिएर नगरपालिकाको सम्बन्धित कार्यालयमा गएर, अथवा कन्बिनी आदि मार्फत रकम भुक्तानी गर्नुहोस। बैन्क खाताबाट रकम आफै भुक्तानी हुने व्यवस्था पनि गर्न सकिन्छ। बिस्तृत जानकारीका लागि सम्बन्धित कार्यालयमा संपर्क गर्नुहोस।

कोकुमिन होकेनमा दर्ता भएको परिवारको सम्पूर्ण सदस्यहरु 65 बर्ष भन्दा माथि भएर, घरमुलिको पेन्सन प्रतिमहिना 15 हजार भन्दा धेरै भइ क्यर/ हेरचाह बिमा सँग जोडीएको जम्मा शुल्क पेन्सन शुल्कको आधा भन्दा कम भएमा पेन्सन बाट भुक्तानी गर्ने व्यवस्था गरिएको हुन्छ।
यदी तपाईं कुनै बिपतका कारण बेरोजगार भएर बिमा शुल्क भुक्तानी गर्न नसकेमा बिमा शुल्क सस्तो गर्ने अथवा मिनाहा गर्ने व्यवस्था पनि हुने हुँदा आवश्यक पर्दा सम्बन्धित कार्यालयमा संपर्क गर्नुहोस।

सडक दुर्घटना हुँदा सामान्यतया गल्ती गर्ने व्यक्तिले क्षतीपुर्ती रकम तिर्नुपर्ने हुन्छ। तर सो रकम पछि सम्बन्धित

व्यक्तिले तिर्ने गरी तुरुन्तको परिस्थितीमा स्वास्थ्य बिमाबाट तिर्न मिल्ने व्यवस्था पनि गरिएको हुन्छ। आवश्यक पर्दा सुरुमै सम्बन्धित कार्यालयमा संपर्क गर्नुहोस।

हेइसेइ 30 सालको अप्रिल महिनाबाट ओसाका प्रिफेक्चर र र त्यसमा अवस्थित नगरपालिकाहरुले कोकुमिन होकेनको सम्बन्धमा शुल्क लगायतका निती नियमहरुमा एकरुपता ल्याउने प्रयास सुरु गरेका छन। बिस्तृत जानकारीका लागि सम्म्बन्धित कार्यालयमा संपर्क गर्नुहोस।

## 3 वयोबृद्ध उपचार प्रकृया

जापानमा 75 बर्ष कटे पश्चात हाल सम्म प्रयोग गरेको स्वास्थ्य बिमा कटाएर वयोबृद्धका निम्ती स्थापना गरिएको स्वास्थ्य उपचार प्रणालिमा स्वत: प्रवेश गर्ने प्रावधान हुन्छ। जापानमा बस्ने बिदेशीहरुको हकमा पनि 3 महिना भन्दा लामो भिसा अवधी भएका र जापानमा ठेगाना दर्ता भएका वयोबृद्ध व्यक्तिहरुले यो प्रणालिमा स्वत: प्रवेश पाउन सक्नुहुनेछ। जापानमा ठेगाना दर्ता नभएको खन्डमा पनि आफु बस्ने नगरपालिकामा समन्वय गरेमा वयोबृद्ध स्वास्थ्य उपचार प्राणालिमा सन्लग्न हुने व्यवस्था गर्न सकिने हुँदा सम्बन्धित नगरपालिकाको कार्यालयमा आवश्यक समन्बय गर्नुहोस। बयोबृद्ध स्वाथ्य प्राणालीका प्रावधानहरु कोकुमिन होकेनका प्रावधानहरु सँग मिल्ने हुन्छ।

(1) वयोबृद्ध स्वास्थ्य उप चार प्रणालीमा प्रबेशको प्रक्रिया

- सम्बन्धित व्यक्ति 75 बर्ष पुग्नुभन्दा एक महिना पहिले बयोबृद्ध स्वास्थ्य बिमा कार्ड व्यक्तिको सम्बन्धित ठेगानामा प्रेषित गर्ने व्यवस्था गरिएको हुन्छ।
- 65 बर्ष देखी 74 बर्षसम्मका व्यक्तिहरुमा यदि कुनै अपाङ्गता भएमा सोको उपचार 75 बर्ष पछिको नयाँ स्वास्थ्य उपचार प्रणालिमा पनि यथावत रुपमा गर्न मिल्छ। सोका लागि सम्बन्धित कार्यालयमा निबेदन पेश गर्नु पर्दछ।

(2) वयोब्रद्ध उपचार प्रणालिमा सन्लग्न हुने व्यक्तिले पाउने सुबिधा

-उपचार शुल्कमा आफुले बेहोर्नुपर्ने भार: उपचार शुल्कको 10 प्रतिशत मात्र सम्बन्धित व्यक्तिले तिर्नु पर्ने हुन्छ (निस्चित रकम भन्दा धेरै आम्दानी भएमा 30 प्रतिशत शुल्क तिर्नु पर्ने हुन्छ)। अस्पतालमा बस्दा लाग्ने अन्य शुल्कहरु बिमा मार्फत भुक्तानी गर्न नमिल्ने प्रवधान हुन्छ।
- एक महिनामा तिर्ने स्वास्थ्य उपचार शुल्क धेरै भएमा पछिका महिनाहरुमा तिर्न मिल्ने व्यवस्था गर्न सकिन्छ।
- यदि व्यक्तिको मृत्यु भएमा अन्त्यष्टी शुल्क बिमा मार्फत भुक्तानी गर्ने प्रवधान हुन्छ।
- सब्सिडी (बिशेष आर्थिक सहयोगका) प्रावधान: बिशेष रोगका कारण उपचार शुल्क लागेमा बिमा मार्फत आर्थिक सहयोग प्राप्त गर्ने व्यवस्था गर्न सकिन्छ। सोका लागि सम्बन्धित नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्ने हुन्छ।

(3) बिमा शुल्क (प्रिमियम)

बिमा शुल्क हरेक प्रिफेक्चरमा फरक हुन्छ। बिमा शुल्क तपाईंको परिवारको सदस्य सन्ख्या र बितेको बर्षको आम्दानीको हिसाब गरेर तय गरिन्छ। यदि यहाँको पेन्सन रकम प्रतिमहिना 15000 यन अथवा सो भन्दा बढि भएमा र बिमा शुल्क क्यर/ हेरचाह शुल्क सँग जोड्दा वार्षिक शुल्कको आधा भन्दा धेरै नभएमा बिमा शुल्क पेन्सनबाट काट्ने व्यवस्था गरिएको हुन्छ। शुल्क भुक्तानी स्लिप घरमै हुलाक मार्फत पठाइने हुँदा, सम्बन्धित कार्यालयमा अथवा पायक पर्ने ठाउको बैन्कबाट रकम भुक्तानी गर्नुहोस। यदि तपाई कुनै बिपतका कारण अथवा बेरोजगार भएर बिमा शुल्क भुक्तानी गर्न नसकेमा बिमा शुल्क सस्तो गर्ने अथवा मिनाहा गर्ने व्यवस्था पनि हुने

हुँदा आवश्यक पर्दा सम्बन्धित कार्यालयमा संपर्क गर्नुहोस।

4. नर्सिङ क्यर बिमा

यदि बिरामी भएर यहाँलाई नर्सिङ क्यर आवश्यक परेमा आफु बस्ने नगरपालिकाले व्यवस्थापन गरेको बिमाको प्रयोग गर्न सक्नुहुन्छ।

(1) नर्सिङ क्यर बिमामा दर्ता हुने व्यक्ती

जापानमा बस्ने 65 बर्ष भन्दा माथि उमेर भएको व्यक्ती (बिमा दर्ता भएको पहिलो व्यक्ती) र राष्ट्रिय स्वास्थ्य बिमामा दर्ता भएको 40 बर्षबाट 64 बर्षसम्मको व्यक्ति (दोश्रो व्यक्ती) नर्सिङ क्यर बिमाको सदस्य बन्न सक्छन। जापानमा 3 महिना भन्दा लामो समयको भिसा भएको र जापानमा ठेगाना दर्ता भएको व्यक्ती पनि दिर्घकालिन नर्सिङ क्यर बिमाको सदस्य बन्न सक्छन (भिसाको अवधी 3 महिना भन्दा कम भए पनि जापानमा 3 महिना भन्दा लामो बस्ने भनेर प्रमाणित भएमा क्यर बिमाको सदस्यता लिन मिल्ने व्यवस्था हुन्छ।

(2) नर्सिङ क्यर सेवा प्रयोग गर्न सक्नेहरु

65 बर्ष भन्दा माथिको व्यक्तिको हकमा (प्रथम बिमा व्यक्ति)

- जो बिछ्यानमा परेको छ अथवा जसलाई डिमेनसिया नामक रोग लागेको छ। नगरपालिकाको अधिकारिक निकायले प्रमाणित गरेको हुनु पर्छ।
- जसलाई नियमित नर्सिङ क्यर आवश्यक पर्दैन तर दैनिक जीवनको लागि विविध सेवाहरु, जस्तै कपडा लगाउने आवश्यक पर्दछ भनेर नगरपालिकाले प्रमाणित गरेको छ।
- 40 बर्ष देखी 64 बर्ष सम्मको डिमेन्सिया रोगले प्रभावित भएको व्यक्ती (दितिय बिमा व्यक्ती) जसलाई नर्सिङ क्यर सुबिधा आवश्यक छ भनेर नगरपालिकाले प्रमाणित गरेको छ।

(3) उपलब्ध सुविधाहरु

घरमै सेवा चाहिनेहरुका लागि

- दैनिक रुपमा सहयोगीहरु घरमै आएर शाररिक सेवा र जीवन यापनमा सहयोग गर्दछन।
- घरमै स्वास्थ्य स्थितिको चेकजाच , चिकित्सा सहायता र निर्देशनको व्यवस्था
- डे -सर्बीस: डे सर्बीस केन्द्रमा जाने व्यक्तिहरुलाई नुहाउन, खाना खान र घर फर्किदा सहायता
- छोटो समयको नर्सिङ क्यर
- बिशिष्ट स्थानमा बस्नेका लागि बिशिष्ट क्यर

नर्सिङ होम सुबिधा आवश्यक पर्नेहरुको लागि

- जसलाई दैनिक नर्सिङ क्यरको आवश्यकता छ र घरमा बस्न गाह्रो हुन्छ।
- वयोबृद्धहरूका लागि स्वास्थ्य उपचार र नर्सिङ क्यर: जहाँ कार्यगत तालिम र नर्सिङ सेवा पश्चात सम्बन्धित व्यक्तिहरु आफ्नो घर फर्किन सक्छन।
- दिर्घकालिन स्वास्थ्य उपचारका लागि स्वास्थ्य संस्था: लामो समय सम्म उपचार आवश्यक पर्ने व्यक्तिलाई नर्सिङ सुबिधा र बिशेष कार्यगत तालिमहरु उपलब्ध
- नर्सिङ क्लिनिक: दिर्घकालिन स्वास्थ्य उपचार र नर्सिङ सेवा आवश्यक पर्ने वयोबृद्धको दैनिक उपचार र दैनिक जीवनयापनमा सहयोग गर्ने ठाउँ

समुदायमा आधारित सेवाहरु (सहायता आवश्यक पर्नेहरुका लागि हेरचाह सेवा सहित)

(4) बिमा शुल्क कसरी तिर्ने

65 बर्ष भन्दा माथिको व्यक्ती (प्रथम बिमा व्यक्ति)

- पेनसन रकम प्रतिमहिना १५००० यन भन्दा माथि हुने व्यक्तिको हकमा पेन्सनबाट बिमा शुल्क कटौती गरिन्छ। त्यो भन्दा बाहेकको वय्क्तिको हकमा बैन्क खाताबाट स्थानन्तरण गरिन्छ।
- 40 बर्षबाट 64 बर्ष सम्म सार्वजनिक स्वास्थ्य बिमामा दर्ता भएको व्यक्तिको हकमा (दोश्रो बिमा व्यक्ति) स्वास्थ्य बिमाको रकम एक मुष्ठ भुक्तानी गर्नुपर्ने ।

(5) बिमा प्रयोग बापत आफुले बहन गर्नुपर्ने शुल्क

नर्सिङ बिमाको सुबिधा उपभोग गरेमा 10 प्रतिशत देखी 20 प्रतिशत (अयश्रोत को आधारमा प्रतिशत निर्क्योल हुने) शुल्क सम्बन्धित व्यक्तिले बहन गर्नुपर्ने हुन्छ। क्यर सेन्टरहरुमा भर्ना हुँदा खाना र अन्य खर्चाहरु पनि आँफैलाई वहन गर्नुपर्ने हुन्छ।

मासिक रुपमा भुक्तानी गर्नु पर्ने शुल्कको माथिल्लो सिमा मासिक भार कम हुने गरी तय गरिएको हुन्छ। बिशेष गरी कम आय भएका व्यक्ति लागि कम माथिल्लो सिमा तोकिएको हुन्छ। साथै, क्यर संस्थामा सुबिधा लिदा कम भाडा र खाना शुल्क लाग्ने गरी व्यवस्था गरिएको हुन्छ।

(6) नर्सिङ् बिमा सम्बन्धी जानकारी

नर्सिङ् बिमा सम्बन्धी निवेदन, उपभोग गर्न मिल्ने सूबिधा आदिको बारेमा बिस्तृत रुपमा बुझ्नको लागि आफ्नु बस्ने नगरपालिकाको सम्बन्धित कार्यालयमा जानकारी लिनुहोस